NIC ASIA
एन आई सी एशिया बैंक लि.

ISO 9001 Certified Bank

Care Ratings Nepal
CARE-NP A (Is)

प्रेस विज्ञप्ति

आश्विन २०, २०७७

# विजयादशमी, भाइटीका, नेपाल संवत् र छठपर्वको उपलक्ष्यमा एन आई सी एशिया रेमिटवाट एउटा आन्तरिक रेमिट्यान्स पठाउँदा अर्को निःशुल्क

सहज एवं सबल बैंकिङ्गको मूल सिद्धान्त अनुरुप गतिशील बैंकिङ्गको अभ्यास गर्दै आएको यस एन आई सी एशिया बैंकले समयअनुरुप विभिन्न ग्राहकमैत्री आकर्षक योजनाहरू ल्याइरहेको अवस्थामा विजयादशमी, भाइटीका, नेपाल संवत् र छठपर्वलाई लक्षित गरि एन आई सी एशिया रेमिटले निःशुल्क आन्तरिक रेमिट्यान्स योजना ल्याएको छ। उक्त योजना अनुसार देशभित्र एक ठाउँबाट अर्को ठाउँमा रकम पठाउदा प्रत्येक कारोबार पछिको अर्को कारोवारमा कुनै पनि शुल्क नलाग्ने व्यवस्था गरिएको छ। अर्थात् सेवाग्राहीहरूले पहिलोपटक रकम पठाउँदा भुक्तान गरेको शुल्कले दोस्रो पटक रकम पठाउँदा निशुल्क पठाउन सकिने व्यवस्था गरेको छ। यो योजनाबाट बैंकका ग्राहकहरुका साथै अन्य महानुभावहरुले पनि लाभ उठाउन सक्नुहुनेछ।

उक्त विप्रेषण रकम यस बैंकको मुलुकभर फैलिएका ३२६ शाखा कार्यालय, १०३ वटा विस्तारित काउण्टर, ६४ वटा शाखारहित बैंकिङ्ग इकाई एवं १०,००० भन्दा बढी सहायक प्रतिनिधिहरूमार्फत् बिना झन्झट तुरुन्त प्राप्त गर्न सकिन्छ। यही २०७७ आश्विन २० देखि २०७७ मार्ग ५ गतेसम्म लागु हुने यस योजनाबाट चाडपर्वको समयमा ग्राहक महानुभावहरूले दुर्गम स्थानहरुमा समेत गरी सबैभन्दा बढी शाखा सञ्जाल भएको यस बैंकमार्फत् सहज एवं सरल रुपमा रकम पठाउन र प्राप्त गर्न सक्नुहुने विश्वास बैंकले लिएको छ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३२६ शाखा कार्यालयहरू, ४६८ एटिएम, १०३ वटा एक्स्टेन्सन काउण्टर एवं ६४ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हो। २२ लाख भन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरू अत्यन्त उत्साहप्रद रहेका छन्। उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.१ अर्ब ८७ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ।

NIC ASIA BANK LTD.
REGISTERED OFFICE

सुधिर नाथ पाण्डे
नायब प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)